# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५, बुटवल

| आ.व. २०७६/२०७७ मा सम्पादित मुख्य मुख्य कार्यक्रमका सारांश | | |
|---|---|---|
| **क्र.सं** | **कार्यक्रमहरु** | **प्रगति** |
| १ | कानुन तर्जुमा तथा सहकारी विकास कोष स्थापना | आ.व. २०७६।७७ मा संचालन हुने सम्पुर्ण कार्यक्रमका कार्यविधिहरुको निर्माण कार्य सम्पन्न भएको। सहकारी नियमावली, २०७६ स्वीकृत हुनुका साथै विषादी ऐन तथा भू-व्यवस्था ऐन निर्माणको लागी मन्त्रीपरिषदबाट सैद्धान्तिक सहमति प्राप्त भएको। सहकारी नियमावली स्विकृत संगै कोष परिचालन कार्यविधि तयार गरी १५ करोडको सहकारी विकास कोष स्थापना हुने। |
| २ | श्रोत व्यक्ति विकासका लागि १०० युवा कार्यक्रम (हरित स्वयम सेवक परिचालन) | श्रोत व्यक्ति विकासका लागि १०० युवा कार्यक्रम (हरित स्वयम सेवक परिचालन) कार्यक्रम अन्तर्गत प्रत्येक स्थानीय तहका १८७ वडाबाट श्रोत व्यक्तिको छनौट कार्य सम्पन्न भएको।बाँकी अन्य वडाहरुका लागि छनौट प्रकृया अन्तिम चरणमा पुगेको। |
| ३ | भुमि तथा गुठी व्यवस्थापन तर्फ | **भूमिहिन किसानका लागि करार खेति कार्यक्रम अन्तर्गतः**<br>• आर्थिक वर्ष २०७५।७६ मा जम्मा २२७ हे मा कार्यक्रम संचालन भई भुक्तानी कार्य सम्पन्न भएको।<br>• आ.व. २०७६।७७ का लागि स्थानीय तहसंगको सहकार्यमा २२४ हेक्टरका लागि करार खेति कार्यक्रमको लागि सम्झौता भइ कार्यान्वयनको क्रममा रहेको।<br>• १ करोड ३४ लाख बराबरको जग्गा भाडा बापतको अनुदान रकम प्रदान गरिने।<br>• जम्मा करार खेतीको क्षेत्रफल= ४५१ हेक्टर<br>**गुठिलाई सम्बन्धि कार्यक्रम अन्तर्गतः**<br>• गुठिलाई संचरनात्मक सहयोग कार्यक्रमको लागि अनुदानग्राहीको छनौट भइ कार्यान्वयनमा गएको।<br>• भू-उपयोग सम्बन्धि प्रदेशस्तरीय गोष्ठी सम्पन्न गरिएको। |
| ४ | स्मार्ट कृषि गाउँ कार्यक्रम | • स्मार्ट कृषि गाउँहरुमा सहयोगी कार्यक्रम संचालनको सुरुवात भएको। कृषि तथा वन विज्ञान विश्वविधालय, रामपुर (AFU), कृषि क्याम्पस पक्लिहवा तथा नेपाल कृषि अनुसन्धान परिषद (NARC) |

| | | |
|---|---|---|
| | | संग समझदारी पत्र (MOU) मा हस्ताक्षर भइ स्मार्ट कृषि गाँउहरुमाशिक्षा, अनुसन्धान र प्रसारलाई एकिकृत गरी लैजानको लागी आधार तयार भएको। फलस्वरुप कृषि तथा बन विश्विवद्यालबाट स्मार्ट कृषि गांउमा MSc. Ag. Thesis Research को लागि १० अनुसन्धान कार्य स्विकृत गरीएको र पक्लिहवा कृषि क्याम्पसबाट BSc. Ag Project work को लागि ५५ विद्यार्थी छनौट गरी परिचालन गरिएको।<br>• सबै स्मार्ट कृषि गाउँहरु संचालनका लागि वडा छनौट भएको।कार्ययोजनाको तयारी सम्पन्न भएको। |
| ५ | शुलभकर्जा सहजिकरण कार्यक्रम | • कृषकहरुलाई ब्याजमा अनुदान प्रवाह कार्य संचालनका लागि कृषि विकास बैंकसंग सम्झदारी पत्र (MOU) मा हस्ताक्षर भइ फाल्गुन १५ बाट सुचना प्रकाशन भइ ब्याज अनुदान कार्यक्रम कार्यन्यनमा गएको ।<br>• कृषकहरुलाई सस्तो ब्याजको पहुँच तथा प्रकृयालाई सहजिकरण गर्नाका लागी प्रत्येक जिल्लामा १ जना रहनेगरी कर्जा सहजकर्ता छनौट प्रकृया अन्तिम चरणमा पुगेको। |
| ६ | उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम | मासु र दुधको लागि प्रदान गरिएको, दुध उत्पादन तर्फ प्रदेशका ९ जिल्ला र मासु तर्फ १० जिल्लाबाट प्रस्ताव पेश भएका। कुल ३६७ आयोजना संचालन गर्ने सहकारीहरु मध्ये ३१ दुध सहकारी, १९ खसि बोका कारोबे गर्ने सहकारी, कोविड-१९ राहत कार्यक्रम तर्फ ९३ वटा सहकारी २२४ निजि कुखुरा पालक किसानलाई कुल ७ करोड ३८ लाख सहयोग गरिएको। |
| ७ | Agriculture Information system software | • मन्त्रालय र मातहत कार्यालयको दैनिक तथा मासिक प्रगतिको बारेमा अद्यावधिक गर्न सकिने यस मन्त्रालय अन्तर्गत Agriculture Information system software प्रणालीकोनिर्माण गरिएको।यसका लागि मातहतका कार्यालयलाई user id र password प्रदान गरि नियमित कार्यक्रमको update लिईने तयारी गरिदै गरेको। |
| ८ | पशु स्वास्थ्य तर्फ | • हालसम्म पशु प्रजनन सेवा प्रदान तर्फ (कृत्रिम गर्भाधान गाई, भैसी, बाख्रा) ५८६८, पशुस्वास्थ्य कार्यक्रम तर्फ (पशुपन्छीको उपचार सेवा)९४९०, रोग निदानप्रयोगशाला सेवा तर्फ (गोबर परिक्षण, थुनेलो परिक्षण तथा शव परिक्षणका)जम्मा २०३६ कार्य सम्पन्न, रोग नियन्त्रण (खोप) सेवा तर्फ ७७४८० वटा कुखुरा, कुकुर, |

| | | |
|---|---|---|
| | | भेडा, बाख्रा, बिरालो आदिमा भ्याक्सिनेसन सेवा प्रदान तथा ७१२ वटा परिजिवि नियन्त्रण कार्यक्रम सम्पन्न भएको। साथै रु.१०,५१,४७७ राजश्व संकलन भएको। |
| ९ | कार्यक्रम अनुगमन | • यस मन्त्रालयबाट तथा मातहतबाट संचालन भएका सम्पुर्ण कार्यक्रमहरुको अनुगमन तथा पृष्ठपोषण कार्य निरन्तर भइरहेको। |
| १० | मागमा आधारित तालिम | • कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रले मागका आधारमा प्रथम पटक मौरी, कागती र तरकारी खेतीको स्थलगत रुपमा तालिमको संचालन गरेको। कम्तिमा ७५ कृषकहरु प्रयोगात्मक तालिमबाट प्रत्यक्ष लाभान्विन भएका। |
| ११ | COVID-19 सम्बन्धि कार्यहरु | **कोभिड १९ को विश्वब्यापी महामारीका बीच सहजिकरण गरिएका कार्यहरु**<br>• कर्मचारीहरुलाइ अति आबश्यक कामको लागि कार्यालय आउने र अन्य अवस्थामा घरमै बसी काम गर्ने ब्यवस्था मिलाएको ।<br>• उद्योग पर्यटन वन तथा वाताबरण सचिब ज्यूको संयोजकत्वमा गठित समितिमा बसी कृषिजन्य वस्तुको आपुर्ति तथा वितरणको ब्यवस्थापनको लागि मातहत निकायहरुमा सम्पर्क ब्यक्ति तोकी सहजिकरण गर्ने ब्यवस्था मिलाएको ।<br>• आपुर्ति तथा वितरण समितिको बैठकबाट घरेलु तथा साना उद्योग कार्यालय कृषि ज्ञान केन्द्र र भेटनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रहरुलाइ खाद्य तथा अन्य दैनिक आबश्यक वस्तुहरुको मौज्दात तथा आबश्यकता सम्बन्धि लगत तयार गर्ने काम गरेको र ब्याकअप प्लान तयार गरेको ।<br>• फलफूल तथा तरकारी थोकबजार संचालक समिति संग समन्वय गरी संक्रमण कम हुने गरी बजार ब्यवस्थापन गर्न सहजिकरण गरेको ।<br>• खुद्रा ब्यवसायि तथा उपभोक्ताहरुको भिड नियन्त्रण गर्न कठिन भएपछि संचालक समितिको समन्वयमा थोक बजार बन्द गरी नगरपालिकाको समन्वयमा बिभिन्न १३ स्थानमा तरकारीको कारोवार गर्ने ब्यवस्था मिलाएको र तरकारी उत्पादन गर्ने कृषकहरुलाइ एकै ठाउंमा भिडभाड नगरी दुरी कायम गरी टोलटोलमा गइ बिक्री गर्न अनुरोध गरेको । |
| १२ | कोविड विशेष अन्य | “कोभिड १९" बाट सिर्जित लकडाउनका कारणबाट यस प्रदेशभित्र |

| | | |
|---|---|---|
| | कार्यक्रमहरु | खाद्यान्न तथा तरकारी बालीहरु, दुध मासु र अण्डामा कृषकहरुले व्यहोर्नु परेको नोक्सान कम गर्न र खाद्य सुरक्षाका दृष्टिकोणले आगामी दिनमा खाद्यवस्तु उत्पादनमा कृषकहरुलाई प्रोत्साहन गरी उत्पादन कार्यलाई निरन्तरता दिनका लागि विभिन्न कार्यक्रमहरु संचालन गरियोः<br>• एम्बुलेन्स सञ्चालन कार्यक्रम,<br>• वेमौसमी आलु खेती प्रवर्द्धन कार्यक्रम,<br>• कोभिड लक्षित व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम,<br>• विदेशबाट फर्केका र व्यवसायय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम,<br>• दुग्ध प्रवर्द्धन कार्यक्रम,<br>• मासु उत्पादनको लागि कुखुरापालन गर्ने साना कृषकहरुलाई प्रोत्साहन अनुदान,<br>• बालीको उत्पादन र उत्पादकत्व वृद्धिका लागि बीउ उत्पादक समूह वा सहकारीलाई प्रोत्साहन कार्यक्रम |
| १३ | कृषि एम्बुलेन्स संचालन | कोविड-१९ का कारण नाशजन्य कृषि उत्पादनलाई बजारको पहुच बढाउनका लागि प्रदेशबाट सहयोग प्राप्त ३४ सहकारीहरुको पिक अप परिचालन गरीएको। एम्बुलेन्स परिचालन मार्फत करिब २९ करोडको कृषि जन्य वस्तुको परिचालन भएको। |